# काठमाडौं महानगरपालिका
# 𑐏𑐵𑐾 𑐩𑐴𑐵𑐣𑐐𑐬𑐥𑐵𑐮𑐶𑐎𑐵
## नगर कार्यपालिकाको कार्यालय

बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल
(कार्यकारी अधिकृतको सचिवालय)

प.सं.:०७३।०७४
च.नं.: १५०५

मिति : - २०७४/०३/२२

श्री सबै वडा कार्यालय,
का.म.पा. ।

**विषयः निर्देशन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा वडा कार्यालयबाट गर्ने प्रशासनिक काम कारवाही तथा राजश्व र खर्चका सम्बन्धमा हालका परिप्रेक्ष्यमा यदाकदा स्पष्ट नभएका कारण फरक फरक रुपमा काम हुने गरेको भन्ने बुझिन आएकोले देहाय अनुसारले गर्न गराउन हुन सूचित गरिन्छ ।

(१) वडा कार्यालयबाट पत्राचार तथा काम कारवाही हुँदा यस पूर्व प्रशासकीय प्रमुख भन्ने गरिएकोमा स्थानीय तह सञ्चालन आदेश, २०७४ मा वडा सचिव स्पष्ट लेखिएकोले वडा सचिव उल्लेख गर्न/गराउन हुन ।

(२) राजश्व सम्बन्धी घरजग्गा लगायतका कर निर्धारण र मूल्याङ्कनमा कुनै वडामा अध्यक्षबाट कुनै वडामा सचिवबाट निर्धारण गर्ने गरिएको जानकारी हुन आएकोले कर निर्धारण र मूल्याङ्कनको कार्य गर्दा सो को जानकारी अध्यक्षलाई गराई वडा सचिवले निर्धारण तथा मूल्याङ्कन गर्ने । कुनै विषय स्पष्ट नभएको खण्डमा वडा अध्यक्षबाट निर्णय हुने वडा अध्यक्षबाट र त्यहाँबाट पनि स्पष्ट नहुने भएमा महानगरपालिकामा पेश गर्न/गराउन हुन ।

(३) वडाका लागि आवश्यक पर्ने माग फारम, खरिद आदेश, दाखिला, रिपोर्ट स्वीकृत/सिफारिस गर्दा वडा अध्यक्षलाई जानकारी गराई वडा सचिवले दस्तखत गर्ने गराउने ।

(४) नगर कार्यपालिकाको बैठकबाट "क्लिन सिटी कार्यक्रम" अभियानका रुपमा वडा वडाबाट सञ्चालन गर्न वडामा रकम पठाइएको र अन्य शीर्षकमा समेत निकाशा गरिएकोमा सम्बन्धीत काम र शीर्षकमा खर्च नगरी संघ/संस्थालाई अनुदान तथा र्‍याली जस्ता कार्यक्रममा खर्च नगर्न/नगराउनु हुन अनुरोध छ ।

..........................
**ईश्वरराज पौडेल**
(कार्यकारी अधिकृत)

**बोधार्थः**
श्री प्रमुखज्यूको सचिवालय, का.म.पा.,
श्री उपप्रमुखज्यूको सचिवालय, का.म.पा.,